# स्थानीय राजपत्र


## भानु नगरपालिकाद्वारा प्रकाशित

खण्डः ०२ संख्या:७ मितिः २०७६/०८/१९


### भाग-२
### भानु नगरपालिका

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ

## भानु नगरपालिकाको विपद ब्यबस्थापन सम्बन्धी कार्यविधि -२०७६

प्रस्तावना

प्रमाणिकरण मिति २०७६/०८/१७

यस भानु नगरपालिका क्षेत्र भित्र भौगोलिक र भुधरातलिय बनौटले गर्दा वाढीपहिरो भुकम्प आगलागी महामारी रोग र यातायात दुर्घटना जंगली जनावर आक्रमण जस्ता विभिन्न प्रकारका विपदहरुबाट उच्च जोखीउुक्त अवस्थामा रहेको छ । यस्तो अबस्थामा यस नगरपालिका भित्र प्रभावकारी रुपमा जुनसुकै विपदमा पनि विपद व्यवस्थापन गरी विपद् प्रभावित यस नगरपालिकाका मानिसहरुको राहत तथा उद्धार कार्य संग संगै विपदबाट मृत्यु भएकाहरुको शंवको सही व्यावस्थापन गरी विपद प्रभावित

परिवार र समुदायको पुन स्थापना स्वं पुनःनिमार्ण कार्यको प्रभावकारी व्यवस्थापन गर्न यो कार्यविधि लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यबिधिको नाम विपद ब्यावस्थापन कार्यविधि २०७६ रहने छ ।

ख) यो कार्यबिधि भानु नगरपालिकाले पारित गरेको मिति बाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) विपद भन्नाले भुकम्प आगलागी आधीबेरी वाढी पहिरो अतिबृष्टी ,अनिकाल,महामारी रोग, जंगली जनावरबाट आक्रमण त्यस्तै अन्य प्राकृतकि प्रकोपलाई सम्झनु पर्दछ । सो शब्दले औद्योगीक दुर्घटना विष्फोट वा विषाक्त पदार्थबाट हुने दुर्घटना समेतलाई सम्झनु पर्छ ।

ख) विपद व्यावस्थापन भन्नाले पछि बिपद् प्रभावित व्यक्तिको राहत तथा उद्धार र पुनर्स्थापना एवं पुर्ननिमाणलाई सम्झनु पर्छ ।

ग) विपद क्षेत्र भन्नाले उपदफा २ को खण्ड क मा उल्लेखित परिभाषा अन्तर्गत प्रभावित ठाउँ र त्यहाँका मानिसहरु सम्झनु पर्छ ।

घ) विपद उद्धार कार्य भन्नाले विपदबाट असर परेका वा पर्न सक्ने क्षेत्रमा विपद नियन्त्रण र रोकथाम तथा तत्सम्बन्धी पुर्व तयारी र विपदबाट यस नगरपालिकाका जनतालाई परेको पिरमर्का तथा असुविधा हटाउनको लागी विपदबाट असर परेको क्षेत्रको पुननिमार्ण गर्ने कार्य लगायत विपदबाट सर्वसाधरण जनताको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागी गरिने जुनसुकै उद्धार कार्य सम्झनु पर्छ ।

ङ) समिति भन्नाले दफा ५ बमोजिम गठित देवी प्कोप उद्धार समितिलाई सम्झनु पर्छ ।

**३. विपद क्षेत्र घोषणा :**

यस भानु नगरपालिकाले आवश्यक देखेमा विपदबाट असर परेको वा पर्न सक्ने क्षेत्रको सिमाना तोकी विपदक्षेत्र घोषणा गर्न सक्नेछ ।

४. यस नगरपालिकाले आप्नो क्षेत्र भित्र विपद उद्धार तथा विपद् व्यवस्थापनको लागी देहायको कुनै वा सबै काम गर्न सक्नेछ ।

क) विपद क्षेत्रमा आबश्यकता अनुसार सरकारी वा गैर सरकारी शिक्षण संस्था वा अन्य संघ संस्थाहरुकालाई केही अवधिको लागी बन्द गर्ने ।

ख) विपद उद्धार कार्यमा प्रतिकुल असर पर्न सक्ने कुने काम गर्न नदिने

ग) न.पा क्षेत्र भित्रको सरकारी वा गैर सरकारी कार्यालय वा संस्थाका कर्मचारीलाई काजमा खटाउने

घ) विपद उद्धार कार्यको लागी न.पा क्षेत्र भित्रको व्यक्तिलाई सुरक्षित रुपमा सार्न लगाउने

ङ.) विपद उद्धार कार्यको लागी न.पा. क्षेत्र भित्रको जुनसुकै व्यक्ति वा संस्थाको अचल सम्पत्ती उपयोग गर्ने ।

च) विपद क्षेत्रमा रहेका माल सामानहरु सुरक्षित स्थानमा सार्न वा सार्न लगाउने ।

छ) सरकारी श्रोत तथा साधनलाई उपयोग गर्न ।

ज) यस न.पा क्षेत्र भित्रका सरकारी कार्यालय स.स्था वा व्यक्तिको सवारी साधनलाई कुनै निश्चित अबधि सम्मको लागी नियन्त्रणमा लिन वा प्रयोग गर्न ।

झ) विपद क्षेत्रमा पर्ने जग्गा घर कलकारखाना धार्मिक स्थल र अन्यमहत्वपुर्ण बस्तु वा स्थानलाई विनास हुनबाट जोगाउने

ञ) सहयोग टोलीहरु गठन गरी विपद क्षेत्रमा पठाउने

ट) सर्व साधरण जनताको जीउधनको रक्षाको लागी अन्य आवश्यक सुरक्षात्मक उपायहरुको व्यवस्था गर्न

**५. नगर विपद व्यवस्थापन समिति**

क) नगर प्रमुख - अध्यक्ष

ख) नगर उपप्रमुख - सदस्य

ग) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

घ) नगर भित्रको सुरक्षा निकायको प्रमुख - सदस्य

ड) न.पा. प्रमुख प्रशासकिय अधिकृत - सदस्य सचिव

**६.** दफा ५ बमोजिम गठन समितिले आवश्यक ठानेमा उप समिति समेत गठन गर्न सक्नेछ ।

**७.** विपदबाट पिडीत यस न.पा क्षेत्रका नागरिहरलार्य अनुसुची १ मा ब्याबस्था भए बमोजिम राहत उपलब्ध गराईने छ ।

**८.** दफा ७ बमोजिम राहत उपलब्ध गराउँदा यस न.पा भित्र स्थायी रुपमा बसोबास गरेको आर्थिक रुपमा अति विपन्न जसको घरमा कोही पनि देश भित्र वा बाहिर रोजगार नगरेको व्यापार व्यवसाय नभएको नागरिकलाई अनुसुची १ मा उल्लेखित रकम उपलब्ध गराईने छ ।

**९.** विपदमा परी पिडीत भएका जनतालाई राहतकृ लागि नगरस्तरीय समितिमा सिफारीस गर्दा निम्नानुसार वडास्तरीय समिति गठन गर्ने ।

१. वडाध्यक्ष - अध्यक्ष

२. वडा सदस्य - २ जना (कम्तीमा एक जना महिला हुनुपर्ने)

३. स्थानीय प्रहरी - १ जना सदस्य

४. वडा सचिव - सदस्य सचिव

**१०. विपद व्यवस्थापन कोष :**

विपद सहायता कोषमा देहाएको रकम रहने छ ।

क) नेपाल सरकारबाट अनुदान प्राप्त रकम

ख) नगर पालिकाले विनियोजित रकम

ग) अन्य श्रोतबाट प्राप्त रकम

**११.** विपदमा परेका मानिसहरुको त्यस बर्षको तिरो मिन्हा दिने सकिने छ ।

**१२.** यस नगरपालिकाका विभिन्न मितिका निर्णयले दिइएको राहतका कार्यहरु पनि सयै कार्यविधिले दिईएको मानिने छ । मानविय रुपमा दिएको वा दिईने राहतको रकम वा विषयमा टिका टिप्पणी हुने छैन ।

**१३.** प्राकृतिक तथा गैर प्रार्कतिक विपदका घटना बाट मृत्यु भएका मृत्यकको यस न.पा क्षेत्र भित्र शवको व्यवस्थापन गर्ने जिम्मेवारी दफा ५ बमोजिम गठित विपदउद्धार तथा विपद् व्यबस्थापन समितिको हुनेछ ।उक्त समितिले न.पा का कर्मचारी परिचालन गरी सो कार्य गर्नेछ ।

**१४.** दफा ५ बमोजिम गठित समितिले आफु तथा आफू मातहतका कर्मचारीहरु परिचालन गरी शवको खोजी तथा संकलन ओसार पसार शवको पहिचान सुचना तथा संचार ब्यबस्थापन शवको अन्तिम संस्कार तथा मृतकको परिवालाई सहयोग लगाएतका कामहरु गर्नेछ । शवको खोजी तथा संकलन टोलीले शवको खोजी तथा स.कलन टोलीले शवको खोजी तथा स.कलन गर्दा निम्न कुरामा ध्यान दिनु पर्छ ।

क) सर्वप्रथम सुरक्षा ब्यवस्था हेर्न घटनास्थलको निरिक्षण गरी शव संकलन गर्दा कुनै प्रकारको खतरा भए नभएको जाचँ गरी सुरक्षा सम्बन्धी कुनै खतरा भए नभएको जानकारी दिने ।

ख) शवको संकलन तथा खोजी तथा संकलन कार्यमा खटिने उद्धारकर्ताहरुको व्यक्तिगत सुरक्षा सामाग्री बुट हेलमेट पन्जा आदिको प्रयोग गर्ने ।
ग) घटनास्थलमा शवहरु संकलन गरिसकेपछि प्रत्यक शवको अलग अलग संकेत नं दिने सो नं पानीले नमेटिने गरी संकेत गर्ने शवको मुखाकृति देखिने गरी डिजिटल क्यामेराले फोटो खिच्ने ।
घ) शवको हस्तान्तरण गर्ने सनाखत नभएका शवलाई नगरपालिकाले अन्तिम संस्कार गर्ने ।
**१५.** विपदबाट कुनै वस्ती वा व्यक्तिको घरवास जोखिममा परेको भए नगरपालिका आफैले वा सम्बन्धित निकायसँग समन्वय गरी वस्ती तथा घरवास जोगाउन प्राथमिकता राखि कार्य गर्नेछ ।

## अनुसुची १
## दफा ७ संग सम्बन्धीत

१. मानिस मृत्यु भै मानविय क्षति भएमा रु.२५०००।-
२. घर मर्मत गरी बस्न/पुन प्रयोग गर्न नसक्ने अवस्था रु.५०००
३. घर मर्मत गरी बस्न सकिने भए रु.३०००
४. अगंभगं भएको उपचार गर्नु पर्ने रु.५०००
५. विपदबाट घाइते व्यक्तिको उपचार गर्नुपर्ने भएमा प्रतिव्यक्ति रु.३०००
६. सामान्य उपचार रु.३०००

**संसोधन तथा खारेजी :**
यस कार्यविधिमा कुनै संसोधन तथा खारेजी गर्नेपर्ने भए कार्यपालिका बैठकबाट गर्न सकिने छ।